नेपाल सरकार
परराष्ट्र मन्त्रालय

## सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना !

## सूचना प्रकाशित मितिः २०८२/१२/३०

परराष्ट्र मन्त्रालयले राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर संलग्न ढाँचामा law@mofa.gov.np मा सात दिनभित्र आफ्नो राय प्रतिक्रिया उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको राहदानी ऐन, २०७६ मा रहेको राहदानीको परिभाषा तथा सरकारी कामको सिलसिलामा विदेश भ्रमण भन्ने वाक्यलाई सरल एवम् विस्तृत गर्न,
- राहदानीको प्रकारमा हाल छट भएको अस्थयी राहदानी थप गर्न, संघीयताको सवालमा कुटनैतिक राहदानी तथा विशेष राहदानी जारी हुन सक्ने अवस्था बढी स्पष्ट पार्न,
- राहदानी प्राप्त गर्न पुरा गर्नु पर्ने प्रकृया तथा राहदानी जारी गर्ने वा जारी गर्न कागजात संकलन गरी जारीका लागि पेश गर्ने निकायलाई कागजातको रुजुमा बढी जिम्मेवार बनाउन साथै राहदानीको वितरण प्रकृयालाई सेवाग्राहीमुखी बनाउन,
- राहदानी जारी नगर्ने वा रोक्का राख्ने प्रकृयालाई अझ स्पष्ट पार्न, राहदानीको अवधि एक वर्ष बाँकी हुदै पुनः राहदानी जारी गर्न सकिने अवस्थामा च्यातिएको अवस्था समेत थप गर्न,
- हाल कायम रहेको राहदानी रद्द गर्न सकिने अवस्थाहरुलाई अझ स्पष्ट गर्न साथै राहदानीको प्रयोगमा हुन सक्ने द्विविधा हटाइ सहज र व्यवाहरिक बनाउन,
- विशेष अवस्थामा विदेशमा रहेका नियोगद्वारा जारी गरिनु पर्ने अस्थायी राहदानीको विषयमा व्यवहारमा देखिएका समस्याको समाधान गर्न,
- कसूर र सजायलाई समय सापेक्ष बनाइ सुधार गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- नेपालको संविधानको धारा १७, १८ लगायतका अन्य संवैधानिक हकको नेपाली नागरिकले उपयोग गर्न सक्ने,
- नेपालको संविधानको धारा बमोजिम वैदेशिक रोजगारीमा कानूनी प्रकृया पुरा गरी नेपाली नागरिकले वैदेशिक रोजगारी प्राप्त गर्न सक्ने,
- प्रत्येक कानून बमोजिम योग्यता पुगेका नेपाली नागरिकले सक्षमताका आधारमा अन्तराष्ट्रिरुपमा हिड डुल गर्न तथा व्यपार व्यवसाय गर्न सक्ने

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तिय प्रभावः**

हाल कायम रहेको राहदानी ऐन, २०७६ लाई यस प्रस्तावित ऐन बमोजिम संशोधन गर्दा नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

दगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ५ को राहदानीको प्राप्तिमा लैगिक विभेदको अन्त्य गरी लैंगिक समानता कायम गर्न सहयोग पुग्ने छ। त्यसै वैदेशिक रोजगारी एवम् वैदेशिक उद्यमशिलताका माध्यबाट लक्ष्य नं ८ को आर्थिक वृद्धिको लक्ष्यमा पुग्न टेवा पुग्ने छ। त्यसै गरी लक्ष्य नं ९ तथा १७ बमोजिमको लक्ष्य प्राप्तिमा समेत सहयोग पुग्नेछ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

देश भित्र तथा देश वाहिर रहेका नेपाली नागरिकलाई राहदानीको प्राप्तिमा सहजता हुने तथा राहदानीको लागि तथ्याङ्क संकलन गर्ने निकाय समेत थप जिम्मेवार बन्नु पर्ने हुँदा सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्नेछ।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको

**७. अन्य आवश्यक विषयः**

- यस विधेयकमा मुख्य गरी राहदानीको प्रयोगको विषयमा वढी स्पष्टता पारिएको छ।
- त्यसै गरी राहदानीको वहाल अवधि एक वर्ष भन्दा वढी भएको अवस्थामा नयाँ राहदानी जारी गर्न सक्ने केही व्यवस्था थप गरिएको छ।
- यस विधेयकमा नेपाली नागरिकका विदेशमा जन्मेका छोराछोरीले राहदानी प्राप्त गर्ने प्रकृयालाई सरलीकृत गरिएको छ। कसूर र सजायलाई समय सापेक्ष बनाउन प्रस्ताव गरिएको छ।

(मस्यौदा)

## <u>राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेय</u>

<u>प्रस्तावना</u>: राहदानी ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

1. <u>संक्षिप्त नाम र प्रारम्भः</u>(१) यस ऐनको नाम "राहदानी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

2. <u>राहदानी ऐन, २०७६ को दफा २ मा संशोधन</u>ः राहदानी ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) र (छ) को सट्टा देहायका खण्ड (ङ) र (छ) राखिएका छनः-

"(ङ) "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने प्रयोजनका लागि नेपाली नागरिकलाई निजको परिचय खुलाई निश्चित बहाल अवधि तोकी नेपाल सरकारबाट वाहकलाई संरक्षण प्रदान गर्न अनुरोध गरी जारी गरिने मेसिन रिडेबल, इलेक्ट्रोनिक वा बायोमेट्रिक राहदानी सम्झनु पर्छ।

(छ) "सरकारी कामको सिलसिलामा विदेश भ्रमण" भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार वा त्यस्तो सरकारको मातहतको निकाय, स्थानीय तह, सङ्घीय संसद, प्रदेश सभा वा संवैधानिक निकायको निर्णय बमोजिम देहायको कुनै प्रयोजनको लागि गरिने विदेश भ्रमण सम्झनु पर्छः-

(क) विदेशी सरकार वा त्यस्तो सरकार मातहतका निकाय, संयुक्त राष्ट्रसङ्घ वा सोको विशिष्टिकृत निकाय, विदेशी सरकारी वा अर्धसरकारी निकाय वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको निमन्त्रणामा कुनै बैठक, सम्मेलन, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन, अध्ययन भ्रमण, तालिम वा यस्तै प्रकारको कार्यक्रममा भाग लिने,

(ख) कुनै विश्वविद्यालय वा महाविद्यालयमा अध्ययन वा तालिममा सहभागी हुने वा कार्यपत्र प्रस्तुत गर्ने,

(ग) अध्ययन वा तालिममा सहभागी हुने वा अवलोकन गर्ने,

(घ) विदेशस्थित नेपाली नियोगमा खटिई काम गर्ने,

(ङ) सरकारी खर्चमा उपचार गर्ने,

(च) संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा खटिई जाने।"

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) अस्थायी राहदानी।"

४. **मूल ऐनको दफा ६ मा संशोधन**ः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **कूटनीतिक राहदानीः** सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछः-

(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिम भएको सिफारिस,

(ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णय बमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट भएको सिफारिस ।"

५. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **विशेष राहदानीः** सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले विशेष राहदानी जारी गर्नेछः-

(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिम भएको सिफारिस,

(ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णय बमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट भएको सिफारिस ।"

६. **मूल ऐनको दफा १० मा संशोधन**ः मूल ऐनको दफा १० को,-

(१)उपदफा (१) को ठाउँ ठाउँमा रहेका "र सोको प्रतिलिपि" भन्ने शब्दहरू झिकिएका छन्।

(२)उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखी उपदफा ५ र ६ थपिएको छ:

"४. यस दफा बमोजिम राहदानीका लागि विभागमा परेका निवेदन उपर विभागले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा त्यसको अभिलेख राखी राहदानी जारी गर्नेछ।

५. यस दफा बमोजिम राहदानीका लागि विभाग बाहेकका अन्य निकायमा निवेदन परेकोमा त्यस्तो निकायले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा राहदानी जारी गर्नका लागि विभागमा सिफारिस गरी पठाउनु पर्नेछ।

६. उपदफा (५) बमोजिम सिफारिस भई आएमा विभागले आफ्नो अभिलेखसँग भिडाई राहदानी जारी गरी सो को अभिलेख राख्नेछ।"

*७.* **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर तोकिएको अवस्थामा फरक निकायमा दिएको निवेदनका आधारमा जारी भएको राहदानी विभाग वा नियोगबाट वितरण गर्न बाधा पर्ने छैन।"

*८.* **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>**: मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **<u>राहदानी जारी नगरिनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिको नाममा राहदानी जारी गरिने छैनः-

(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियारको कारोबार, सङ्गठित अपराध, आतङ्कवाद सम्बन्धी कसुर, सहकारी सम्बन्धी कसुर, ज्यान सम्बन्धी कसुर, जबरजस्ती करणी वा जन्मकैदको सजाय हुने अन्य कुनै कसुरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न लेखी पठाएको,

(ख) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियारको कारोबार, सङ्गठित अपराध, आतङ्कवाद सम्बन्धी कसुर, सहकारी सम्बन्धी कसुर, ज्यान सम्बन्धी कसुर, जबरजस्ती करणी वा जन्मकैदको सजाय हुने अन्य कुनै कसुरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम लेखी आएको वा त्यस्तो कसुरको अभियोगमा अदालतबाट कसुरदार ठहर भई अदालत वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायबाट राहदानी जारी नगर्न लेखी पठाएको,

(ग) नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाउने वा राहदानी जारी नगर्ने आदेश भई सो बमोजिम सम्बन्धित निकायबाट लेखी पठाएको,

(घ) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई जारी नगर्ने निर्णय गरेको,

(ङ) दफा १४ बमोजिमको अवस्थामा बाहेक जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको।

(२) विभागले उपदफा (१) बमोजिमको कारणबाट राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न आदेश भएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको अभियोगमा अदालतबाट सफाइ पाएमा वा कानून बमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।

(५) उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ।

(६) निवेदकले नक्कली वा किर्ते कागजात प्रयोग गरी राहदानी लिएको शङ्का लागेमा विभागले अनुसन्धानको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

9. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ मा रहेका "दफा १२ को उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहदानी वाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको भए तापनि देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "देहायको कुनै अवस्थामा राहदानीको बहाल अवधि बाँकी रहेको भएतापनि उक्त राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिने छः-" भन्ने शब्दहरू राखी सोही दफाको खण्ड (क) मा रहेका "च्यातिई" भन्ने शब्दपछि ", हराई" भन्ने शब्द थपिएको छ।

10. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "विभाग वा नियोगलाई" भन्ने शब्दहरूको सट्टा "विभाग, नियोग, जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयलाई" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) राहदानी वाहकले नक्कली, किर्ते, अर्काको नामको वा दोहोरो नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी प्राप्त गरेमा,"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) राहदानीमा भएको फोटो परिवर्तन गरेमा वा अधिकार प्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको कुनै विवरण थपघट गरेमा वा सच्याएमा,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम रद्द गरिएको राहदानीको सक्कल प्रति विभागमा उपलब्ध हुन नसकेमा विभागले त्यसरी रद्द गरिएको जानकारी इन्टरपोललाई दिनु पर्नेछ।"

11. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. **कूटनीतिक राहदानी र विशेष राहदानीको प्रयोगः** (१) कूटनीतिक राहदानी र विशेष राहदानी देहायको विदेश भ्रमणको सिलसिलामा बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैनः-

(क) सरकारी कामको सिलसिलामा विदेश भ्रमण,

(ख) खण्ड (क) बमोजिमको भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमका अतिरिक्त बढीमा तीस दिनसम्म गरिने भ्रमण,

(ग) नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिई नेपाल नफर्किएसम्म बढीमा तीस दिनसम्म गर्ने व्यक्तिगत भ्रमण,

(घ) तोकिए बमोजिमका अन्य भ्रमण।

(२) कूटनीतिक राहदानी वा विशेष राहदानी प्राप्त गरेको पदाधिकारी वा कर्मचारीले उपदफा (१) बमोजिमको प्रयोजन समाप्त भएपछि वा त्यस्तो पदाधिकारी वा कर्मचारी पदमुक्त भएमा वा निलम्बनमा परेमा निजले त्यस्तो राहदानी तोकिएको अवधिभित्र विभागमा बुझाउनु पर्नेछ।

तर तोकिएको सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिए बमोजिमको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ।

(३) कूटनीतिक वा विशेष राहदानी वाहकले त्यस्तो राहदानीको प्रयोग गर्दा मर्यादित रूपमा आफ्नो ओहोदाको गरिमा रहने गरी तथा नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(४) नेपाल सरकारले कूटनीतिक राहदानी, विशेष राहदानी वा सर्भिस राहदानी जुनसुकै बखत फिर्ता लिन वा रद्द गर्न सक्नेछ।"

*12.* **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>**: मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. **<u>अस्थायी राहदानी जारी गर्न सक्ने</u>:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको अवस्थाको कारण दफा १० बमोजिम राहदानीको लागि निवेदन दिन निवेदक आफैं सम्बन्धित निकायमा उपस्थित हुन नसकेमा विभागले बढीमा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्थायी राहदानी लिन चाहने नेपाली नागरिकको हकमा निजको संरक्षक वा माथवरले तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभाग, नियोग वा तोकिएको निकायमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर दफा १० को उपदफा (४) वा (५) र (६) बमोजिम जाँचबुझ गर्दा अस्थायी राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी अस्थायी राहदानी जारी गर्नेछ।"

*13.* **<u>मूल ऐनको दफा २० मा संशोधन</u>**: मूल ऐनको दफा २० को उपदफा (२) पछि देहायको उपदफा (४) र (५) थपिएका छन् :-

"(३) नेपाली नागरिक बाबुबाट विदेशमा जन्मिएका सन्तानको हकमा नियोगले जन्मदर्ता गरी वा नियोगमा अस्थायी दर्ताको अभिलेख राखी सोही आधारमा त्यस्तो नाबालिग सन्तानलाई पहिलो पटकको लागि पाँच वर्ष अवधि रहने गरी साधारण राहदानी जारी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जारी भएको राहदानीको अवधिभित्र नाबालिगको अभिभावकले नेपालमा आई नाबालिग परिचयपत्र बनाउनु पर्नेछ । कुनै कारणवश सो अवधिभित्र नाबालिग परिचयपत्र बनाउन नसकेमा नियोगले एक पटकमा बढीमा दुई वर्ष अवधि रहने गरी दुई पटक सम्मका लागि निजका नाममा साधारण राहदानी जारी गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नेपालको नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नपुगेको नाबालकको नाममा राहदानी जारी गर्न सकिने छैन।"

14. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. **कसुरः** कसैले देहायको कुनै कार्य गरेमा, गर्न लगाएमा वा गर्न सहयोग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) किर्ते नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी वा यात्रा अनुमतिपत्र लिएमा,

(ख) अर्काको नामको नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी लिएमा,

(ग) आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नामको राहदानी प्रयोग गरेमा,

(घ) अधिकार प्राप्त अधिकारी बाहेक कसैले अन्य व्यक्तिको राहदानी निजको मञ्जुरी नलिई बदनियतपूर्वक नियन्त्रणमा राखेमा,

(ङ) एक वर्ष वा सो भन्दा बढी जन्म मिति फरक पारी राहदानी प्राप्त गरेमा,

(च) झुट्टा विवरणका आधारमा बनाएको नागरिकता वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी प्राप्त गरेमा,

(छ) जुन उद्देश्यका लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानी प्रयोग गरेमा,

(ज) राहदानीमा भएको फोटो परिवर्तन गरेमा वा अधिकार प्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको कुनै विवरण थपघट गरेमा वा सच्याएमा,

(झ) यस ऐनको बर्खिलाप हुने गरी बदनियत पूर्वक अन्य कुनै काम कारबाही गरेमा।"

15. **मूल ऐनको दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः

"२२. **सजायः** (१) देहाय बमोजिमको कसुर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा २१ को खण्ड (क), (ख), (ग), (घ) वा (छ) बमोजिमको कसुर गर्नेलाई दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय,

(ख) दफा २१ को खण्ड (ङ) वा (च) बमोजिमको कसुर गर्नेलाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना,

(ग) दफा २१ को खण्ड (ज) वा (झ) बमोजिमको कसुर गर्नेलाई तिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) मा उल्लिखित सजाय हुने कसुर गर्न कसैले आदेश दिएमा वा दुरुत्साहन गरेमा कसुरदारलाई भए सरह र त्यस्तो कसुरको उद्योग गर्ने वा त्यस्तो कसुर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने कसुरको हकमा तोकिए बमोजिमको कार्यविधि अवलम्बन गरी विभागको महानिर्देशकले जरिबाना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विभागको महानिर्देशकले गरेको जरिबानाको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको जानकारी प्राप्त भएको मितिले पैंतिस दिनभित्र विभाग रहेको प्रदेशको सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।"

*16.* **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ मा रहेका "यस ऐन अन्तर्गत सजाय हुने कसुर" भन्ने शब्दहरूको सट्टा "दफा २२ को उपदफा (३) बमोजिम महानिर्देशकले जरिबाना गर्न सक्ने कसुर बाहेक यस ऐन अन्तर्गत सजाय हुने अन्य कसुर" भन्ने शब्दहरू राखिएका छन्।

## <u>विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा</u>

1. **<u>सुझाव दिने व्यक्तिको नाम, थरः</u>**
2. **<u>सम्पर्क नम्बर/इमेलः</u>**
3. **<u>विधेयकको नामः</u>**
4. **<u>सुझावः</u>**

   (क) **<u>सम्बन्धित दफा/उपदफा</u>**

   (ख) **<u>सुझाव र सो को कारण</u>**